नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
प्रशासन
(.................................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०८०/८१/१/११
प्राप्त पत्र संख्या:- ................
च.नं.:- १३५२

मिति : २०८०/०८/१७

**विषय :-रमाना सम्बन्धमा ।**

**श्री महाशाखा, सबै ।**
**श्री नापी कार्यालय, सबै ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स.२०८०/०८१, च.नं.८६९, मिति २०८०/०८/१५ को पत्रबाट राष्ट्रयसेवक कर्मचारीहरुले निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको प्रकृया पूरा गरी रमानापत्र लिई सरुवा भएको कार्यालयमा हाजिर हुनुपर्ने कानूनी व्यवस्था रहेकोले सरुवा भएका कर्मचारीहरुलाई सरुवा भएको कार्यालयमा रमाना पत्र दिई ७(सात) दिन भित्र हाजिर हुन पठाउने सम्बन्धी व्यहोरा लेखि आएकोले प्राप्त पत्रको छायाँप्रति जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने )
शाखा अधिकृत

**बोधार्थ**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री क.प्र.अभिलेख शाखा, नापी विभाग ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : यो परिपत्र विभागको Website मा upload गरिदिनुहुन ।



Scanned with CamScanner

फोन नं. ४२११६६६
४२११६३८
४२११८५८
४२११८४८
४२००८३८
४२११६६४
फ्याक्स: ४२३२२६८
४२११६४५

# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं.:- २०८०/०८१
च.नं.:- ८६९

*अत्यन्त जरुरी*

मितिः- २०८०।०८।१५

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभागं, बबरमहल, काठमाडौं।

श्री नापी विभाग, मिनभवन, काठमाडौं।

श्री सहकारी विभाग, बानेश्वर, काठमाडौं।

श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक।

श्री राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौं।

श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, बानेश्वर, काठमाडौं।

विषयः- <u>रमाना दिने सम्बन्धमा</u>।

प्रस्तुत विषयमा सरुवा भएका राष्ट्रसेवक कर्मचारीहरुले निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको प्रकृया पूरा गरी रमानापत्र लिई सरुवा भएको कार्यालयमा हाजिर हुनुपर्ने कानूनी व्यवस्था रहेको व्यहोरा अवगत नै छ। तहाँ विभाग एवं कार्यालयमा कार्यरत कर्मचारीहरुमध्ये यस मन्त्रालय तथा विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न मितिको निर्णयबाट विभिन्न मन्त्रालय, विभाग वा कार्यालयमा सरुवा भएका कतिपय कर्मचारीहरुले अझैसम्म पनि प्रचलित कानूनमा तोकिए बमोजिमको प्रकृया पूरा गरी रमानापत्र लिई सरुवा भएको कार्यालयमा हाजिर हुन नगएको भन्ने बुझिन आएको छ। यस परिप्रेक्ष्यमा तहाँ विभाग/आयोग र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुमध्ये विभिन्न कार्यालयमा सरुवा भएका राष्ट्रसेवक कर्मचारीहरुलाई ७ (सात) दिनभित्र रमाना दिई तत् तत् कार्यालयमा हाजिर हुन पठाउनुहुन र सरुवा भएका कर्मचारीहरुले पनि कानून बमोजिम बरबुझारथ गरी रमाना पत्र लिई सरुवा भएको कार्यालयमा हाजिर हुन जानुहुन मिति २०८०।०८।१५ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

(सुजेन्द्र प्रसाद कडेल)
उपसचिव

Scanned with CamScanner